जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक ४१ २०८२ साल जेठ १८ गते आइतवार (1 June 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र – पृष्ठ २ मा : सडक नाला बन्ने ... पृष्ठ ३ मा : "हनी ट्राप" मा पुरुष : ... पृष्ठ ४ मा : बाँस : नेपालका लागि दिगो ... पृष्ठ ५ मा :मोही दर्ता रहेको जग्गा ...

## मकै बाली जोगाउन खेतमा बसेका एक किसानको हात्तिको आक्रमणबाट मृत्यु



**राजविराज**/जंगली बँदेलबाट मकै बाली जोगाउन खेतबारीमा फुसको टहरा बनाई बसेका एक बृद्ध किसानको हात्तिको आक्रमणबाट ज्यान गएको छ।

हात्तिले चार वटा घर समेत भत्काइ दिएका छन्। शनिबार एकाबिहान सप्तरीको कंचनरुप नगरपालिका १२ का बृद्ध किसान ६६ वर्षिय दशरथ भन्ने केदार बहादुर विष्टको यसरी ज्यान गएको हो।

स्थानीयका अनुसार केही दिन यता जंगल क्षेत्रबाट रातीको समयमा आउने बँदेलले त्यस क्षेत्रमा मकै लगायतका अन्य अन्न बाली खाइदिने गरेपछी घरबाट एक सय मिटर टाढा रहेको आफ्नो खेतबारीमा लगाइएको मकै बाली जोगाउन उनी रातीको समयमा उत्तै बस्ने गरेका थिए।

त्यही बेला एकाबिहान १/२ बजेतिर कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रबाट आएको जंगली हात्तिको समूहले उनीमाथी आक्रमण गरेको प्रहरीको भनाई छ। हात्तिको दाह्र शरीरको विभिन्न भागमा गाडिएपछी उनको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए।

हात्तिको आक्रमणबाट मृत्यु भएका विष्टको शव पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल ल्याई पुर्‍याइएको छ।

हात्तिले सोही पालिकाको वडा नं. ११ डेंग्री टोलमा चार वटा घर भत्काउनुका साथै किसानहरुको अन्न बाली समेत खाइदिएको प्रहरीको भनाई छ। जंगली हात्तिले सो वडाका

*बाँकी दुई पृष्ठमा*

## मधेशका प्रेस स्वतन्त्रता सेनानीहरु सम्मानित




**राजविराज**/गणतन्त्र दिवसको अवसर पारेर मधेश प्रदेश सरकारले सप्तरीका ५ सहित एक दर्जन पत्रकारलाई सम्मानित गरेको छ।

मधेश प्रदेश सरकारको गृहसञ्चार तथा कानुन मन्त्रालयद्वारा बिहीवार जनकपुरमा आयोजित "शुभकामना आदान प्रदान तथा अभिनन्दन" कार्यक्रममा सप्तरीका ५ सहित मधेश प्रदेशका १३ जना प्रेस स्वतन्त्रता सेनानीबाट विभुषित पत्रकारहरुलाई नगद र कदरपत्रबाट सम्मानित गरिएको हो।

यसरी सम्मानित हुनेहरुमा सप्तरीका शिशु प्रसाद देवकोटा, रामनारायण देव, बैद्यनाथ झा, प्रकाश खतिवडा र देवराम यादव छन्।

गृह सञ्चार तथा कानुनमन्त्रीको जिम्मेवारी सम्हालेका राजकुमार लेखीको पहलमा पहिलो पल्ट मधेशका प्रेस स्वतन्त्रता सेनानीहरुलाई यसरी सम्मानित गरिएको हो।

उनकै अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अथिती मुख्यमन्त्री सतिशकुमार सिंहले प्रेस स्वतन्त्रता सेनानीहरुलाई जनही ११ हजार नगद पुरस्कार तथा कदर पत्रबाट सम्मानित गरेका छन्।

यस्तै मधेश प्रदेश कै अन्य जिल्लाका अशोक रौनियार, राम भरत साह, विन्देश्वरी मण्डल, कुँवरकान्त झा, गोपाल बराल, इश्वरी काफ्ले, गया यादव र शत्रुघन नेपाल पनि सम्मानित भएका हुन्।

कार्यक्रममा मुख्यमन्त्रीका प्रेस सल्लाहकार अनिल कर्णले पत्रकारिता विषयक कार्यपत्र प्रस्तुत गरेका थिए।

## लामो समयपश्चात् बसपार्कको उद्घाटन



**राजविराज**/राजविराज बसपार्कको एक कार्यक्रमकाबीच बिहीबार उद्घाट्न गरिएको छ। लामो समयको प्रतिक्षापछि गणतन्त्र दिवसको अवसर पारेर राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परवीनले नवनिर्मित सुविधा सम्पन्न बसपार्कको उद्घाट्न गरेकी हुन्।

राजविराज २ स्थित रहेको बसपार्क नेपाल सरकारको सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरी मार्फत १५ करोड ६० लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको हो।

गत बैशाख २४ मा शहरी तथा भवन निर्माण आयोजना सप्तरीका प्रमुख सुरेन्द्र कुमार साहले कार्यावाहक नगर प्रमुख परवीनलाई कागजात सहित [redacted] गरेका थिए। [redacted] सम्पन्न भएर नगरपालिकालाई बसपार्क हस्तान्तरण गरिएपछि उद्घाटन् गर्दै नगरप्रमुख परवीनले अब यहाँका मात्र नभई बाहिरबाट आउने यात्रुलाई समेत सहज हुने बताईन्।

उनले राजविराजका लागि यो संरचना ठूलो पुर्वाधार भएको भन्दै यसले नगरलाई सुन्दर बनाउनुका साथै समृद्ध र रोजगारिको अवसर प्रदान गर्न समेत महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन्।

राजविराज २ राजदेवी मन्दिर नजिकै १९ हजार ६ सय भन्दा बढी वर्ग किलोमिटरमा फैलिएको आधुनिक सुविधा सम्पन्न बसपार्कमा सोधपुछ कक्ष, टिकट काउन्टर, सर्भिस सेन्टर, बैंक ब्रान्च, प्रतिक्षालय, शौचालय, रेस्टुरेन्ट, मिनि मार्केट, सभाहल, प्रहरी बीट लगायतका संरचना निर्माण

*बाँकी पाँच पृष्ठमा*

## नवजात शिशुको शव फेला

**राजविराज**/सप्तरीको कञ्चनरुप नगरपालिका २ महादेवपट्टिमा सोमबार एक नवजात शिशुको शव फेला परेको छ।

खेतमा कपडाले बेरेर फालिएको अवस्थामा उक्त नवजात शिशु (छोरी)को शव फेला परेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय कञ्चनपुरका अनुसार ७ देखि ८ महिनाको शिशु रहेको र २/३ दिनभित्र त्यहीं फालिएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ।

शवलाई कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अञ्चल अस्पताल पठाइएको छ। हाल घटनाको विस्तृत अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

कृषि उत्पादन बढाऔं ।

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसङ्ग सल्लाह-सुझाव लिऔं,

कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अझै गम्भिर बन्न सकेनन् जनप्रतिनिधि

जनतालाई विभिन्न कार्यालय तथा स्थानीय तहहरुबाट सेवा लिन अझै सहज भएको छैन् । जसकारण बिहानैदेखी सेवा लिन आउने आमजनता बेलुका निरास भएर घर फर्कन बाध्य हुने गरेका छन् । विभिन्न स्थानीय तहबाट दिइने निशुल्क सेवा अहिले सेवाग्राहीले सहज रुपमा प्राप्त गर्न नसक्दा जनप्रतिनिधि तथा कर्मचारीहरु आलोचित बन्न पुगेका छन् । स्थानीय तहबाट जनताले सहजै रुपमा सेवा पाउनु पर्ने हो । तर, जनप्रतिनिधिलेहरु बढी आर्थिक तर्फ लाग्नाले जनताको सेवा प्रभावित हुँदै गएको छ ।

जनतालाई पालिकाबाट दिने निशुल्क लगायत अन्य सेवालाई सहजै दिनु पर्नेमा खासै ध्यान दिएको देखिन्न् । यस्तै शिक्षा र स्वास्थ्यप्रति पनि अधिकांश जनप्रतिनिधिहरुले उपेक्षा गरेको देखिन्छ । जनतासँगै सोझै जोडिएको यो विषयमा समेत जनप्रतिनिधिहरु उदासिन रहेका छन् । शिक्षा, स्वास्थ्य र विकास बाहेक अन्य कार्यहरुमा जनप्रतिनिधिहरुले थोरै पनि चनाखो भएमा नगर वा वडा कार्यालयहरुबाट जनताले पाउने निशुल्क सेवा, विभिन्न घटना दर्ता, सिफारिस लगायतका कार्यलाई छिटोछरितो एवं सरल तरिकाले सेवा दिन सकिन्छ ।

तसर्थ जनताले पाउनु पर्ने सम्पूर्ण निःशुल्क तथा अन्य सेवालाई छिटो, छरितो र प्रभावकारी ढंगले प्रवाह गर्न गम्भिर बन्नु जरुरी छ । होइन् भने भविष्यमा जनताले आफ्नो अधिकार प्रयोग गरेर जनप्रतिनिधिलाई उक्त स्थानबाट बढार्न समय पनि लगाउँदैनन् ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# सडक नाला बन्ने भएपछी कारागार टोलका स्थानीयहरु खुशी



**राजविराज**/वर्षौंको प्रतिक्षापछी घर अगाडी नाला सहित पक्की सडक बन्ने भएपछी राजविराज ६ कारागार टोलका स्थानीयहरु खुशी भएका छन् ।

जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका प्रदेश साँसद महेश प्रसाद यादवले राजविराज कारागार पछाडी रहेको उक्त टोलमा नालासहित आरसीसी ढलान सडकको शिलान्यास गरेपछी उनीहरुको वर्षौंदेखीको सपना साकार हुनेभएपछी खुशी भएका हुन् ।

सांसद यादवकै पहलमा भौतिक पुर्वाधार विकास मन्त्रालय मधेश प्रदेशबाट ३५ लाख रुपैया बजेट उपलब्ध भएपछी मंगलवार देखी नै निर्माण कार्य समेत शूरु भएको छ ।

शिलान्यास समारोहमा संचारकर्मीहरु सँग कुरा गर्दै साँसद यादवले प्राप्त बजेटबाट पहिलो चरणमा उक्त वस्तीको अरबिन्द राउतको घरदेखी प्रभा मण्डल र महेन्द्र राउतको घर देखी अरविन्द राउतको घर सम्म नाला र सडक निर्माण कार्य सम्पन्न गरिने जानकारी दिए । उक्त वस्तीमा अधिकाँश दलित समुदायको वसोवास रहेको छ ।

## ओमशान्ति मिडियाको दुई पत्रिका विमोचित



**राजविराज**/ ओमशान्ति मिडिया राजविराजद्वारा प्रकाशित हुन लागेको मेघावत राष्ट्रिय दैनिक र फरिस्ता साप्ताहिक पत्रिकाको बिहीवार एक कार्यक्रमकाबीच विमोचन गरिएको छ ।

राजविराज ८ स्थित ब्रह्मा कुमारी राजयोग सेवा केन्द्र बरदानी भवनमा बिहीबार आयोजित कार्यक्रममा प्रमुख अथिती समाजसेवी एवम् यूनिक मेडिकल कालेजका निर्देशक जय प्रकाश ठाकुरले दुबै पत्रिकाको विमोचन गरेका छन ।

उक्त पत्रिकाको प्रकाशक एवम् सम्पादकमा ओम शान्ति मिडियाका संयोजक दिनानाथ यादव छन् । सो अवसरमा ब्रह्मा कुमारी राजयोग सेवा केन्द्रकी मुख्य संचालिका भगवती दिदी, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, प्रेस काउन्सिल नेपालका पूर्व सदस्य मुरली प्रसाद यादव, ब्रह्मा कुमारी निरा दिदी, रंजु दिदी लगायतले शुभकामना दिएका थिए ।

सोही अवसरमा ब्रह्मा कुमारी राजयोग सेवा केन्द्रद्धारा ५२औं जन्मोत्सव कार्यक्रम समेत मनाइएको छ ।

### मकै बाली जोगाउन...

दिपेश चौधरी, बिजय चौधरी, सजनकुमार चौधरी, छेदीलाल चौधरीको घर र शौचालय हात्तिले भत्काएका हुन् ।

उक्त क्षेत्रमा यो पहिलो घटना भने होइन् । यस अघि पनि विभिन्न समयमा हात्तिको आक्रमणबाट हालसम्म डेढ दर्जन भन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ ।

सप्तरीको पूर्वी उत्तरी क्षेत्र कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र सप्तकोशी नगरपालिकाको दर्जनौं गाउँ, टोल दशकौंदेखी जंगली हात्तिको चपेटामा पर्दै आएका छन् । हात्ति आतंक सहन नसकेर नियन्त्रण र क्षतिपूर्ती माग गर्दै त्यस क्षेत्रका बासिन्दाले पटक पटक स्थानीय प्रशासन र कोशी टप्पु बन्यजन्तु आरक्ष प्रशासनलाई ज्ञापनपत्र बुझाउँदै आएका छन् । तर पनि अहिलेसम्म कुनै ठोस पहल हुन नसकेको उनीहरुको गुनासो छ ।

जंगली हात्ति तथा अन्य जनावरले आक्रमण गरेर मान्छेको ज्यान लिनुका साथै गाउँ टोलमा पसेर घर भत्काउने र खेतमा लगाइएको कृषिजन्य बालीलाई समते क्षति पुऱ्याउने गरेको भन्दै स्थानीयले अविलम्ब यसको नियन्त्रणका लागि ठोस उपाय खोज्न सरकारसँग माग गरेका छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# "हनी ट्राप" मा पुरुष : नेपालको एउटा बढ्दो सामाजिक समस्या

**आयुशा कँडेल**

नेपालमा 'हनी ट्राप एक संवेदनशील र बढ्दो सामाजिक समस्या बन्न पुगेको छ । यद्यपि यस विषयमा धेरै समयसम्म ध्यान दिइएको थिएन, पछिल्ला वर्षहरूमा डिजिटल प्रविधिको विस्तारसँगै यस प्रकारका घटना दिन प्रतिदिन बढ्दै गएका छन् ।

पुरुषलाई झुक्याएर, ब्ल्याकमेल गरेर आर्थिक तथा मानसिक रूपले क्षति पुर्याउने घटनाले पुरुष पीडितको मनोबल ध्वस्त बनाएको छ, तर समाजले अझै पनि यसलाई खुलेर स्विकार्न सकेको छैन, जसले गर्दा धेरै पीडित आफ्नो समस्या लुकाएर बसेका छन् ।

नेपालमा पुरुष हनी ट्रापसम्बन्धी ठोस तथ्यांक सीमित भए पनि विभिन्न संघ-संस्थाले गरेका अध्ययनले यसमा वृद्धि भइरहेको स्पष्ट देखाएका छन् । नेपाल मनोवैज्ञानिक संघले २)७८ सालमा गरेको सर्वेक्षण अनुसार, कुल पुरुष पीडितमध्ये करिब १२ प्रतिशतले यौनसम्बन्धी ब्ल्याकमेल वा हनी ट्राप भोगेका छन् । तथापि सामाजिक लाज, परिवारको दबाब र न्याय प्रणालीप्रतिको अनिश्चयताका कारण ८५ प्रतिशतभन्दा बढी पीडितले आफ्नो पीडा सार्वजनिक गर्न सकेका छैनन् ।

क्षेत्रगत रूपमा हेर्दा काठमाडौं उपत्यकामा कुल पीडित पुरुषमध्ये ४५ प्रतिशतले यस्ता घटना भोगेका छन्, खासगरी अनलाइन माध्यमबाट झुक्याउने घटना बढी छन् । यस्तै, बागमती र लुम्बिनी प्रदेशका ग्रामीण क्षेत्रका पुरुष पीडित देखिन्छन् । मधेस र तराईमा सामाजिक दबाबका कारण घटना लुकाइन्छन् ।

कर्णाली प्रदेशमा कुल पीडितमध्ये करिब १५ प्रतिशत पुरुष हनी ट्रापबाट पीडित देखिन्छन् भने सुदूरपश्चिम प्रदेशमा १८ प्रतिशत पुरुष पीडित छन् ।

**पुरुष हनी ट्रापका कारण**

पुरुष 'हनी ट्राप पछाडि सामाजिक, आर्थिक र प्राविधिक कारण देखिन्छन् । पुरुषलाई परिवारको मुख्य कमाउने र संरक्षकको रूपमा हेरिन्छ । उनीहरुलाई झुटा आरोप लगाएर वा ब्ल्याकमेल गरेर फसाउने घटना बढेका छन् । यस्ता घटनामा सिधै महिलाले पुरुषलाई फसाउने मात्र नभई महिलालाई प्रयोग गर्ने गिरोह नै लागेको पनि पाइन्छ ।

**विशेषतः** डिजिटल प्रविधि (सामाजिक सञ्जाल)को दुरुपयोग गरेर फसाउने प्रवृत्ति् बढ्दो छ । पुरुष पीडितको संरक्षण गर्ने कानुन कमजोर छन् । एकातिर कानुनी प्रक्रिया जटिल छन् भने अर्कोतिर न्याय पाउन ढिलाइ हुन्छ । यस्तै, समाजले हेर्ने दृष्टिकोण खराब रहेकाले पीडितहरू आफ्नो पीडा लुकाउन बाध्य छन् ।

हनी ट्रापका कारण पुरुषहरूमा गम्भीर मानसिक र सामाजिक असर समेत देखिएको पाइन्छ । परिवार र समाजबाट समर्थन नपाउँदा धेरै पीडित समाजदेखि टाढिन समेत पुगेका छन् ।

**कानुनी पक्ष र व्यवस्थापन**

नेपालमा यौन हिंसाविरुद्धका कानुन प्रायः महिलाकेन्द्रित छन् । पुरुष पीडितका लागि कानुनी सुरक्षा र सहायताका व्यवस्था कमजोर छन् । झुटा आरोपविरुद्ध कडा कानुनी कदम नहुँदा न्याय प्रणालीमाथि विश्वास कमजोर छ । साइबर अपराध नियन्त्रणका लागि प्रभावकारी नियम आवश्यक छ । ग्रामीण र दुर्गम क्षेत्रमा कानुनी सेवा तथा प्रहरीको पहुँच अभाव छ ।

**२०८१ सालका पुरुष हनी ट्राप घटना**

कर्णाली प्रदेशमा एक युवा किसानलाई अनलाइन माध्यमबाट ब्ल्याकमेल गरी आत्महत्या गर्न बाध्य पारियो ।

सुदूरपश्चिम प्रदेशमा साना व्यवसायीलाई झुटो आरोप लगाएर ठुलो रकम मागियो, मानसिक तनावले उनको मृत्यु भयो ।

काठमाडौं उपत्यकाका एक सरकारी कर्मचारीले ब्ल्याकमेलमा परी आत्महत्या गर्न पुगे । यस्तै काठमाडौं उपत्यकामा एक जग्गा व्यवसायीलाई झुटो आरोप लगाएर ठुलो रकम ठगी गरिएको थियो । यस घटनामा प्रहरीसँग पनि मिलेको आरोप लागेको थियो, जसले न्याय प्रक्रिया प्रभावित भएको थियो ।

**स्सुधारका उपायहरू**

पुरुष हनी ट्रापलाई रोक्न र पीडितलाई न्याय दिलाउन विभिन्न सुधार आवश्यक छन् । सर्वप्रथम त लैङ्गिक तटस्थ कानुनी व्यवस्था हुनुपर्छ । यस्तै सामाजिक चेतना अभिवृद्धिका कार्यक्रम गरिनुपर्छ । पुरुष पनि पीडित हुन सक्छन् भन्ने जनचेतना बढाउने कार्यक्रम आवश्यक छ ।

झुटा उजुरी नियन्त्रण गरिनुपर्छ । झुटा उजुरी दिएको प्रमाणित भएमा कडा अनुसन्धान र कानुनी कारबाही गरिनुपर्छ । यस्तै, पीडितहरूको मानसिक स्वास्थ्यमा असर पर्ने हुँदा मनोवैज्ञानिक सहायता केन्द्रहरू आवश्यक छन् ।

अनलाइन ब्ल्याकमेल रोक्न प्रभावकारी नियम ल्याइनुपर्छ । स्थानीय तहसम्मै कानुनी, मानसिक र सामाजिक सहायता केन्द्रहरु हुन आवश्यक छ । यस्तै, शिक्षा र सोचमा परिवर्तन आवश्यक छ । विशेषतः लैङ्गिक समानताको शिक्षा र परम्परागत सोचमा सुधार आवश्यक छ ।

**निष्कर्ष**

'हनी ट्रापमा परेको पुरुषलाई मात्रै दोष दिइनु उचित हुँदैन । नेपाल सरकार, समाज र कानुन मिलेर यस संवेदनशील विषयमा ठोस कदम चाल्नुपर्छ । थप अनुसन्धान, तथ्यांक सङ्कलन र जनचेतना अभिवृद्धि अपरिहार्य छ । यसको समाधानमा सबै लाग्नुपर्नेछ । सबै पीडितलाई सम्मान र न्याय मिल्नुपर्छ । ( कँडेल, राष्ट्रिय युवा परिषद्की बोर्ड सदस्य हुन् ।) रातोपाटीबाट

# वीरगञ्ज नाका हुँदै भित्रिने चार पाङ्ग्रे सवारीसाधनको आयात घट्यो

**वीरगञ्ज**/वीरगञ्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा चार पाङ्गे सवारीसाधनको आयात ह्वातै घटेको छ। चालु आवको वैशाखसम्म यो नाका हुँदै एक अर्ब ५३ करोड मूल्य पर्ने सात सय ३५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएका छन्।

जबकी आव २०८०/८१ को वैशाख मसान्तसम्मको अवधिमा भने रु दुई अर्ब सात करोड मूल्य पर्ने एक हजार २६७ वटा जीप, कार र भ्यान सवारीसाधन आयात भएर भित्रिएका थिए । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पछिल्लो समय वीरगञ्जभन्दा मुलुकका अन्य नाकाबाट धेरै सवारीसाधन आयात हुने बताए ।

इन्धनबाट चल्ने चार पाङ्ग्रे सवारीसाधनको आयात घटेसँगै कार्यालयले प्राप्त गर्ने राजस्वको रकममा पनि गिरावट देखिएको छ । चालु आवको १० महिनामा इन्धनबाट चल्ने चार पाङ्ग्रे सवारीसाधनबाट रु चार अर्ब तीन करोड राजस्व सङ्कलन भएको छ । तर, गत आवको सोही अवधिमा भने रु चार अर्ब ३९ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको १० महिनामा ट्रक, मिनि ट्रकको आयात पनि खुम्चिएको छ । सो अवधिमा रु ५३ करोड मूल्यका २३१ वटा ट्रक, मिनिट्रक आयात भएका छन् । जबकी गत आवको सोही अवधिमा भने रु दुई अर्ब १२ करोड मूल्य पर्ने ७६४ वटा ट्रक तथा मिनि ट्रक आयात भएको थियो ।

चालु आवको १० महिनामा विद्युत्बाट चल्ने जीप, कार र भ्यानको आयातमा पनि उच्च गिरावट देखिएको छ । सो अवधिमा रु ४२ करोड मूल्य पर्ने १७४ वटा विद्युतीय जीप, कार र भ्यानको आयात भएको छ । जबकी गत आवको १० महिनामा भने रु ९५ करोड मूल्यका ४४८ वटा विद्युतीय जीप, कार र भ्यानको आयात भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्षको १० महिनाको अवधिमा २६ थरिका साना/ठूला सवारीसाधन गरेर रु १८ अर्ब ५२ करोड मूल्यका रु दुई करोड १४ लाख ७५ हजार ४७१ वटा सवारीसाधन आयात भएका छन् ।

ती सवारीसाधन आयात हुँदा कार्यालयले भने रु १५ अर्ब २४ करोड राजस्व सङ्कलन गरेको छ । कार्यालयले गत आवको वैशाख मसान्तसम्मको अवधिमा रु १७ अर्ब ५ करोड मूल्यका २६ थरिका रु दुई करोड ७० लाख २२ हजार दुई सय २२ वटा साना/ठूला सवारीसाधन आयात भएका छन् । ती सवारीसाधनको आयातबाट कार्यालयले रु १३ अर्ब ४४ करोड राजस्व सङ्कलन गरेको छ ।

# गणतन्त्र दिवसको अवसरमा मानव सेवा आश्रममा आश्रित व्यक्तिहरुलाई खाना खुवाईयो

**जनकपुर**/मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मानव सेवा आश्रममा आश्रित व्यक्तिहरुलाई खाना खुवाइएको छ ।

तीन दिवसीय गणतन्त्र दिवस मनाउने क्रममा शुक्रबार अन्तिम दिन प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले ती व्यक्तिहरुलाई खाना खुवाएका हुन् ।

सरकारका प्रवक्ता समेत रहेका मन्त्री लेखीले जनकपुरस्थित मानव सेवा आश्रममा रहेका खुला आकाशमुनी सडकपेटी एवं सार्वजनिक स्थलहरुमा कष्टपुर्ण जीवनयापन गर्न विवश सहयोगापेक्षी (अनाथ, अपाङ्ग, अशक्त, असाहय एवं मनोरोगी) हरुलाई खाना खुवाए ।

सो क्रममा मन्त्री लेखीले मानव सेवा आश्रमको भावनासँग आफू जोडिएको जिकिर गर्दै समाज परिवर्तन र सामाज रुपान्तरणको लागि आफ्नो बिधार्थी जिवनदेखी नै विभिन्न अभियानहरुको नेतृत्व गरेको उल्लेख गरे । उनले आफ्नो गृह जिल्लाको सप्तकोसी नगरपालिकामा आश्रम निर्माणकै लागि आफ्नो पैत्रिक सम्पतीबाट दुई कट्ठा जग्गा आश्रमको लागि दानमा दिएको समेत बताए ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयले यस पटकको गणतन्त्र तीन दिवसीय रुपमा मनाएको छ । पहिलो दिन मधेश भवन र प्रदेश मातहतका मन्त्रालयहरुमा सरसफाई, रक्तदान, दोश्रो दिन मधेश प्रदेशका प्रेस स्वतन्त्रता सेनानीहरुलाई नगद राशीसहित दोसल्ला ओढाएर सम्मान गरेको थियो ।

वि.स. २०६५ साल जेष्ठ १५ गते संविधानसभाको पहिलो ऐतिहासिक बैठकले एक शताब्दी लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई संघीय गणतान्त्रिक मुलुक घोषणा गरिएको थियो । जनआन्दोलन २०६२/६३ को जगमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष जेठ १५ गते देशभर विभिन्न कार्यक्रम गरी यो मनाइने गरिन्छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

# बाँस : नेपालका लागि दिगो आर्थिक वृद्धि

**समीर भण्डारी**

नेपाल जैविक विविधताले भरिपूर्ण देश हो, यहाँको भ्रन्डै ४६ प्रतिशत भूभाग वनजङ्गलले ओगटेको छ। वनस्रोतहरूमा केवल काठ मात्र नभएर, अन्य उपयोगी जैविक सामग्रीहरू पनि समावेश छन, जसलाई गैरकाष्ठ वन उत्पादन भनिन्छ। यी उत्पादनहरूले ग्रामीण समुदायको जीविकोपार्जनमा महत्वपूर्ण भूमिका खेल्छन्।

बाँस, अम्लिसो, तेजपात, टिमुरजस्ता वन उत्पादनहरू नेपालमा प्रचुर मात्रामा उपलब्ध छ। यसको उचित व्यवस्थापन, प्रशोधन र व्यवसायीकरण गर्न सकेमा यी उत्पादनहरूले दिगो आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छन्। नेपालमा ६८ ष्प्रतिशत जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछन, जहाँ ३५ प्रतिशतभन्दा बढी जनसंख्या वनजन्य उत्पादनमा निर्भर रहेका छन्। यो तथ्यांकले गर्दा गैरकाष्ठ वन उत्पादन नेपालको ग्रामीण अर्थतन्त्रको आधारस्तम्भ हो भन्न सकिन्छ।

विश्व बैंकको सन् २०२३ को प्रतिवेदनअनुसार, गैरकाष्ठ वन उत्पादनले नेपालमा ७ प्रतिशत योगदान गरेको छ, तर यसको सम्भावना अभ्र धेरै हुनसक्ने अनुमान रहेको छ। यही पृष्ठभूमिमा खोटाङमा आयोजित सम्मेलनले गैरकाष्ठ उत्पादन, विशेषत बाँसको भूमिकालाई राष्ट्रिय अर्थतन्त्रको विकासको केन्द्रविन्दु बनाउने मार्ग निर्माण गरेको छ। नेपालमा बाँसको उत्पादन र उपभोगले हरित अर्थतन्त्रको आधारस्तम्भ तयार गर्न सक्ने बाटो देखाएको र बाँस मात्र नभएर अम्लिसो, तेजपात, टिमुरलगायत अन्य उत्पादनहरु पनि रोजगारी र स्वास्थ्यसँग जोडिएका छन्। यसले नेपाललाई जैविक खाद्यको नवीनतम उद्योगहरुको केन्द्र बनाउन सहयोग पुऱ्याएको छ।

खोटाङमा आयोजित सम्मेलनले नेपालको बाँस क्षेत्रमा रहेका चुनौतीहरु रेखांकित गरेको छ। सरकारले बाँसलगायत अन्य गैरकाष्ठ उत्पादनको व्यवस्थापन र बजारीकरणका लागि प्रभावकारी नीति बनाउन नसकेको, भारत हुँदै अन्य देशबाट सहजै कच्चा बाँस नेपाल भित्रिरहेको, बाँसको मूल्यवर्द्धित उत्पादनमा रुपान्तरण गर्न प्रविधि र प्रशिक्षणको अभाव, बाँसको अवैध कटानी र दिगो उपयोगमा कमजोर नियमन रहेको छलफलमा उठेका सवालहरु थिए। यसले गर्दा अहिले भइरहेका स्थानीय उत्पादनले मूल्य नपाउने र बजारमा प्रतिस्पर्धा गर्न असमर्थ रहने देखाएको छ।

यही अवस्था रहिरहे अबको निकट भविष्यमा स्थानीय उत्पादन नै नहुने स्थिति आउन सक्ने अनुमान गरिएको थियो। यस सम्मेलनमा भविष्यको लागि केही सुझावहरु संकलन गरिएको छ। जसले आउने योजनाहरुमा बाँसलगायत अन्य गैरकाष्ठ उत्पादनको दिगो खाका तयार पार्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

ग्रामीण क्षेत्रमा बाँस उत्पादनलाई प्रोत्साहन दिनुपर्ने र सहकारी संस्थाहरु वा अन्य निकटतम समूहद्वारा मूल्य निर्धारण गर्नुपर्ने, किसानहरुलाई आधुनिक विधि, प्रशिक्षणका साथै लगानीको लागि ऋण उपलब्ध गर्नुपर्ने, बाँसको दिगो उपयोगका लागि वार्षिक योजना तयार गरी प्रकृतिलाई विनाश नभई आर्थिक लाभ हासिल गर्न सक्षम बनाउनुपर्ने जस्ता विचार सहभागीहरुले राख्नुभएको थियो। त्यस्तै सामुदायिक सशक्तीकरण बढाउनसमेत जोड दिइएको थियो।

नेपालमा बाँस उत्पादन र यसको दिगो विकासको सम्भावनालाई ध्यानमा राख्दै पहिलो राष्ट्रिय बाँस सम्मेलन आयोजना गरिएको थियो। गत फागुन १५ देखि १७ गतेसम्म आयोजना भएको सम्मेलनमा बाँस उत्पादन, बजार प्रवर्द्धन, नीति निर्माण र ग्रामीण विकासमा बाँसको भूमिकाबारे महत्वपूर्ण छलफल भएको थियो। सम्मेलनको पहिलो दिन उद्घाटन समारोह आयोजना गरिएको थियो।

त्यहाँ विभिन्न सरकारी अधिकारी, अनुसन्धानकर्ता तथा स्थानीय किसानहरूको उपस्थिति थियो, जहाँ बाँसको आर्थिक तथा पर्यावरणीय महत्वबारे प्रस्तुति गरिएको थियो। सम्मेलनको दोस्रो दिन अनुसन्धानकर्ताहरूले बाँस उत्पादन, प्रशोधन र बजार व्यवस्थापनबारे अनुसन्धानपत्र प्रस्तुत गर्नुभयो। म यस आलेखकर्ताले पनि 'सिद्धबाबा सामुदायिक वनः गैरकाष्ठ वन उत्पादनको मूल्यांकन शीर्षकमा अनुसन्धानपत्र प्रस्तुत गरेको थिएँ।

प्यानल छलफलमा यस विषयमा व्यापक बहस गर्ने क्रममा नेपाल सरकारका प्रतिनिधि, गैरसरकारी संस्थाका विज्ञहरू तथा व्यवसायीहरूले आफ्नो धारणा राख्नुभएको थियो। यस छलफलमा बाँसको आर्थिक सम्भावना र नीति सुधारबारे समीक्षा भयो। सम्मेलनमा बाँसलाई नेपालको प्रमुख गैरकाष्ठ उत्पादनका रूपमा प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको थियो। 'सिद्धबाबा सामुदायिक वनः गैरकाष्ठ वन उत्पादनको मूल्यांकन अध्ययनले सिद्धबाबा सामुदायिक वन क्षेत्रमा ११३ वटा भास्कुलर बिरुवाहरुको सूचीकरण गरिएको छ।

जसमध्ये ८५ प्रजातिका गैरकाष्ठ उत्पादनलाई विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक र जीविकोपार्जनमा उपयोग गर्न सकिने उल्लेख गरिएको छ। यस अध्ययनमा गैरकाष्ठ उत्पादनलाई वनस्पतिको जीवनचक्रका आधारमा वर्गीकरण गरिएको छ, जसअन्तर्गत ३६ प्रजाति बुटी समूह, ३३ प्रजाति रुख समूह र १६ प्रजाति जडीबुटी समूहमा विभाजन गरिएको छ। यस अध्ययनमा गैरकाष्ठ उत्पादनमध्ये बाँसको बहुउपयोगितालाई पनि विशेष महत्व दिइएको छ।

यस अध्यनमा २० प्रतिशत मात्र देखिएको बाँसको हिस्सा पश्चिम नेपालमा भन्दा पूर्व नेपालमा हावापानीले गर्दा अझै बढी मात्रामा रहेको देखाएको छ। भौगोलिक विविधताको आधारमा पूर्वी नेपाल जस्तै- इलाम, झापा, खोटाङमा मेलाबाँस र मालिङ्ग बाँसको उच्च उत्पादन हुने देखिएको छ भने पश्चिम नेपाल जस्तै- सुर्खेत, बाँकेमा निगालो, कालो बाँस उत्पादन बढी हुने देखिएको छ। त्यस्तै मध्यपहाडमा भने चोया बाँस, सिगाने बाँसलगायत अरु प्रजातिका बाँस बढी उत्पादन हुने देखिएको छ।

नेपालको आर्थिक रुपान्तरणमा गैरकाष्ठ उत्पादनको भूमिका र यसको सम्भावनालाई पूरा गर्न सबै क्षेत्र सरकार, निजी र स्थानीय समुदायको साझा प्रयास हुन आवश्यक छ। यसले कुनै पनि ठाउँ विशेषभन्दा पनि समग्रमा सिंगो देशको भविष्य उन्नतितर्फ अघि बढ्दै जान्छ। भविष्यको दृष्टिमा हरित औद्योगिकीकरण गर्नका निमित्त् प्रथम राष्ट्रिय बाँस सम्मेलन एउटा कोसेढुंगा साबित हुनसक्छ। यस सम्मेलनबाट नेपालमा लगानीको प्रशस्त ढोका खोलेको छ, जुन वैदेशिक लगानीकर्तालाई आकर्षित गर्नलाई दरिलो वातावरण सिर्जना भएको छ।

वर्तमान परिवेशमा देखिएको सरकार अस्थिरता प्रमुख समस्याका रुपमा रहेको छ। तसर्थ यो समस्याको सहजीकरण गरी लगानीकर्ताहरुको व्यापार व्यवसायमा निरन्तररुपमा कुनै पनि बाधा-अवरोधरहित चालू भइरहने वातावरणको सुनिश्चित कायम गर्नुपर्दछ। अनि मात्र हामी सबैको समृद्ध नेपाल, सुखी नेपाली उद्देश्यले मूर्तरुप निर्माण गर्नेछ। एकजना स्थानीयले भन्नुभएको थियो, 'हामी आज काट्छौं, नत्र भोलि अरूले काट्छन्।" यो चक्र हटाउन सरकारले आवश्यक नीति बनाउनुपर्छ। यस सम्मेलनको 'दिगो योजनाको आह्वानले यस्ता समुदायलाई आशा दिएको छ।

खोटाङमा आयोजित नेपालको पहिलो राष्ट्रिय बाँस सम्मेलन २०८१ ले नेपालका लागि एउटा नयाँ आशाका लहरहरु रचना गरेको छ। स्थानीयको अगुवाइमा पनि एउटा बृहत् योजना सम्पन्न गर्न सकिन्छ र सरकारले मात्र पाइला आगाडि बढाउनुपर्छ भन्ने मान्यतालाई यो सम्मेलन एउटा गतिलो पाठ भएको छ। जनताका लागि जानताद्वारा चलाउने अहिलेको शासन व्यवस्था रहेकोले अब सरकारले हरेक क्षेत्रसँग अभिभावकको भूमिका निर्वाह गर्न सकेमा साँच्चिकै देशमा जनताले खोजेको सुशासन निश्चितरुपमा कायम गर्न सकिन्छ।

नेपालको पूर्वी क्षेत्र जति चियाको लागि प्रसिद्ध छ अब यसले अर्को प्रसिद्ध पनि पाएको छ। नेपालको प्राकृतिक धन जुन अझै पनि हामीले उपभोग अनि पर्याप्तरुपमा अन्वेषण गर्न नसकिरहेको अवस्थामा यसलाई विभिन्न तवरले समाजका हरेक मानिससँग छलफल र सम्मेलनबाटै भोलिको दिगो विकास कायम गर्न सक्छौं। तसर्थ अबको समय भनेको साझेदारी, सहकार्यका साथै समीक्षा गर्दै अघि बढ्नु आवश्यक छ, जसरी बाँस सम्मेलन पूरा भएको छ।

सम्मेलनले जोड दिएजस्तै सरकार, निजी क्षेत्र र समुदायको साझेदारी आवश्यक छ। एउटा भनाइ छ नि, एउटा मात्र पातलो धागो जति सजिलो गरी टुट्छ, अन्य धागोसँग एकजुट बनेपछि अटुट हुन्छ। यसरी नै नेपालको बाँस क्षेत्रलाई यही एकताको आवश्यकता छ। यो सम्मेलन एउटा नीति मात्र नभई, एउटा आह्वान पनि हो। गैरकाष्ठ वन उत्पादनहरू विशेष गरी बाँस नेपालका लागि महत्वपूर्ण प्राकृतिक स्रोत हो। यसका उत्पादनहरूको उचित व्यवस्थापन, प्रशोधन तथा व्यवसायीकरण गर्न सकेमा दिगो आर्थिक विकास सम्भव छ।

यसले बाँसलाई व्यावसायिक रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याएको छ। सरकार, अनुसन्धानकर्ता तथा स्थानीय किसानहरूबीच सहकार्य बढाउँदै बाँस उद्योगलाई सबल बनाउनु आजको आवश्यकता हो। सरकारले सही नीति तथा कार्यक्रम लागू गर्न सफल भएमा यी उत्पादनहरूले ग्रामीण भेगमा रोजगारी सिर्जना गर्नुका साथै देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन सक्छ।

नेपालजस्ता जैविक विविधता सम्पन्न देशमा गैरकाष्ठ वन उत्पादनको व्यावसायिक प्रयोगले दिगो विकासको ढोका खोल्न ठूलो टेवा पुऱ्याउन सक्छ। पहिलो राष्ट्रिय बाँस सम्मेलनबाट नेपालमा बाँस उत्पादनको प्रचुर सम्भावना छ भन्ने पुष्टि भएको छ। नेपाल सरकारले बाँस उद्योग प्रवर्द्धन गर्न ध्यान दिएमा यसले ग्रामीण समुदायको जीविकोपार्जन मात्र नभई राष्ट्रिय आर्थिक समृद्धिमा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। (लेखक भण्डारी बोटानिस्ट हुनुहुन्छ।) न्यूज अफ नेपालबाट

# मन्त्री लेखीद्वारा चार पूर्वाधारको शिलान्यास तथा दुई योजनाको निरीक्षण

**राजविराज**/मधेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले सप्तरीस्थित सप्तकोशी र कञ्चनरुप नगरपालिकामा एकै दिन चार पूर्वाधार विकास योजनाहरूको सोमबार शिलान्यास तथा दुई योजनाको निरीक्षण गरेका छन्।

मधेश प्रदेशका प्रवक्ता समेत रहेका मन्त्री लेखीले सप्तकोशी नगरपालिका ८ स्थित शिव मन्दिर तथा गुठी प्राङ्गणमा मधेश सरकारको ५० लाखको लागतमा निर्माण हुन लागेको अतिथि भवन र सोही लागतमा निर्माण गरिने बाउण्ड्री पर्खाल योजनाको शिलान्यास गरेका हुन्।

त्यस्तै सप्तकोशी नगरपालिका ११, मलेठ पश्चिम टोलमा मधेस सरकारको २५ लाखको बजेटमा निर्माण गरिने धर्मशाला भवनको शिलान्यास, कञ्चनरुप नगरपालिका ५, पडेमरामा निर्माण हुन लागेको सामुदायिक धर्मशालाको शिलान्यास गरे।

यस्तै गृहमन्त्री लेखीले कञ्चनरुप नगरपालिका ७ स्थित भृकुटी माध्यमिक विद्यालयमा निर्माणाधीन नयाँ भवन तथा कक्षा कोठा तथा नजिकै रहेको बान्द्रा खोलाको समेत स्थलगत अवलोकन र निरीक्षण गरे।


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

# मोही दर्ता रहेको जग्गा किर्ते गरि अर्केको नाममा नामसारी

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहका बालकृष्ण खड्गाले मोही दर्ता रहेको जग्गा किर्ते गरि अर्केको नाममा नामसारी गरिएको भन्दै त्यसको छानविन हुनु पर्ने माग गरेका छन् ।

मंगलबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि उनले आफ्नो तीन पुस्तादेखी २००४ सालमै मोही दर्ता गरि भोगचलन गर्दै आएको आफ्नो १२ कठ्ठा १८ धुर जग्गा नक्कली मान्छे र किर्ते कागजातको भरमा झा परिवारको नाममा नामसारी गरिएको बताए ।

गाउँघरमा कतै कुनै सुनुवाई नभएपछी न्यायका लागि सदरमुकाम राजविराज आइपुगेका उनले तत्कालिन भारदह गाविसका प्राविधिक एवंम सचिव महेन्द्र मुखिया र स्थानीय लालमोहन झा, अरबिन्द झा, बिनिता झा लगायतको मिलोमतोमा किर्ते मान्छे र कागजात खडा गरि आफ्नो जग्गा अर्केको नाममा नामसारी गरिएको दाबी गरे ।




उनले यस कार्यमा तत्कालिन भारद गाविसका सचिव मुखियाले मुख्य भूमिका निर्वाह गरेको दावी समेत गरे । उनले तत्कालिन गाविसको कर्मचारी नै नरहेका मटर साह हलुवाईलाई गाविसको कार्यालय सहयोगिको रुपमा प्रस्तुत गरि किर्ते कागजातहरु तयार गरेर भुमिसुधार कार्यालयमा पेश गरिएको बताए ।

मालपोत कार्यालयले पनि सोही कागजातको आधारमा एक पक्षिय रुपमा आफ्नो नाउँको मोही दर्ता खारेज गरि अन्याय गरेको उनको भनाई छ ।

अचम्म त के छ भने तत्कालिन सचिव मुखियाले आफ्नो कर्मचारी रहेको भनी मालपोत कार्यालयमा साक्षिका रुपमा प्रस्तुत गरेका व्यक्ति मटरसाह हलुवाई आफू कहिले पनि सो कार्यालयमा कुनै पदमा कार्यरत नरहेको बताए ।

## *लामो समयपश्चात् ...*

गरिएको छ ।

बसपार्क संचालनमा आएपछि राजविराज नगरक्षेत्रमा जतातर्तै सार्वजनिक सवारी साधन पार्किङ्ग हुँदा नगरलाई कुरुप बनाउनुका साथै ट्राफिक व्यवस्थापनमा पनि कठिनाई हुदै आएको थियो । बसपार्क संचालनमा आउनु भएपछि नगरवासी उत्साहित भएका छन् ।

राजविराजको सार्वजनिक यातायात व्यवस्थित रुपमा सञ्चालनका लागि पहिलो पटक २०४४ सालमा तत्कालिन प्रधानमन्त्री मरिचमान सिह, दोश्रो पटक २०४६ सालमा तत्कालिन अञ्चलाधिश सुर्य बहादुर सेन ओली र तेश्रो पटक २०५२ सालमा तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाले वसपार्कको शिलान्यास गरेका थिए । तीन पटक शिलान्यास भएपनि तर निर्माण कार्य अघि बढन सकेको थिएन ।

चौथो पटक २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दिपेन्द्र नाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन मेयर शम्भु प्रसाद यादवले संयुक्त रुपमा वसपार्कको शिलान्यास गरेपछि निर्माण कार्य सकिएर उद्घाटन भएको हो ।

# प्रेस युनियनको स्थापना दिवसमा मैनवत्ति प्रज्वलन

**राजविराज**/नेपाल प्रेस युनियनको ३४ औं स्थापना दिवसको अवसरमा मंगलबार शाखा सप्तरीले मैनवत्ति प्रज्वलन गरेको छ ।

शाखाका उपाध्यक्ष एवं नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य

*बाँकी अन्तिम पृष्ठमा*

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा स्वास्थ्य सामाग्री लुटिएको घटनाप्रति राष्ट्रसंघद्वारा दुःख व्यक्त

**संयुक्त राष्ट्रसङ्घ**/संयुक्त राष्ट्र सङ्घले शुक्रबार गाजाको प्यालेस्टिनी क्षेत्रको गोदामहरूमा आक्रमण गरी ठूलो मात्रामा चिकित्सा सामाग्री चोरी गरेको घटनाप्रति दुःख व्यक्त गरेको छ ।

आक्रमणकारीको समूहले अस्पतालको गोदामहरूमा आक्रमण गरी ठूलो मात्रामा चिकित्सा उपकरण, आपूर्ति, औषधि र पोषणजन्य सामाग्रीको नष्ट गरेको संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले बताउनुभएको छ ।

चोरी गरिएको सहायता सामाग्री युद्धग्रस्त गाजामा एक दिन अघि मात्रै आइपुगेको उहाँले बताउनु भएको छ । गाजा अवस्था अझ बिग्रँदै जादाँ सार्वजनिक व्यवस्था र सुरक्षा व्यवस्था कमजोर हुनाले गाजामा लुटपाटका घटनाहरू बढेको समेत उहाँले बताउनुभएको छ । उहाँले भन्नुभयो, "यो सशस्त्र मानिसहरूद्वारा भएको एउटा आक्रमण थियो ।"

लामो नाकाबन्दीपछि इजरायलले प्यालेस्टिनी क्षेत्रमा सहयोगको अनुमति दिन थालेको छ । नाकाबन्दीले खाद्यान्न र औषधिको अभाव निम्त्याएपछि अहिलेसम्म उपलब्ध सहायता गाजाको आवश्यकताको 'समुद्रमा एक थोपा' मात्र भएको उहाँले बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय निकाले शुक्रबार शतप्रतिशत जनसङ्ख्या अनिकालको जोखिममा रहेको चेतावनी दिएको थियो । गाजाको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार यस क्षेत्रमा इजरायली आक्रमणमा परी अहिलेसम्म ५४ हजार ३२१ जनाको ज्यान गएको छ । युद्धले गाजालाई ध्वस्त पारेको छ र मारिनेमा अधिकांश महिला बालबालिकासहित सर्वसाधारण रहेका छन् ।

यसले क्षेत्रको ठूलो भाग भग्नावशेषमा परिणत गरेको छ, अस्पताल, विद्यालय, आवासीय क्षेत्र र सडक र जलमार्गको आधारभूत पूर्वाधार नष्ट गरेको छ । एएफपीका अनुसार सन् २०२३ अक्टोबर-७ मा हमासले गरेको आक्रमणको प्रतिक्रियामा इजरायलले आफ्नो आक्रमण सुरु गरेको थियो ।

डुजारिकले बिहीबार, राष्ट्रसङ्घ र मानवीय साझेदारहरूले केरेम शालोमको सीमाबाट पाँचवटा देइर अल-बलाह अभियान अस्पतालका लागि चिकित्सा सामग्री बोकेका ट्रकहरू पठाएको र अन्य ६० वटा ट्रकहरू सीमाबाट फर्कनु परेको बताउनुभएको छ । एजेन्सी

## दुई हजार भन्दा बढी अफगान परिवार स्वदेश फिर्ता

**काबुल**/बिहीबार र शुक्रबार नौ हजार २८८ सदस्यसहित कुल दुई हजार २०२ अफगान परिवारहरू छिमेकी मुलुक इरान र पाकिस्तानबाट घर फर्केको अफगानिस्तानको सर्वोच्च आयोगले जनाएको छ ।

आयोगले फर्कनेहरूको समस्या सम्बोधन गर्न सरकार प्रतिवद्ध रहेको शनिबार जनाएको छ । आयोगले स्वदेश फर्कनेहरूलाई अस्थायी शरण, खाना, पानी, चिकित्सा सेवा र यातायात सेवाहरू प्रदान गर्नेगर्छ ।

करिब ७० लाख अफगान शरणार्थीहरूमध्ये अधिकांश कागजात विहीन आप्रवासीहरू हाल विदेशमा बसिरहेका छन्, जस मध्ये अधिकांश इरान र पाकिस्तानमा रहेका छन् । एजेन्सी

## २५ करोड मौरी भागेपछि अमेरिकी प्रहरीको चेतावनी

**लस एन्जलस**/मौरी बोकेको ट्रक दुर्घटनापछि मुक्त गर्न हिँडाइएका २५ करोड मौरी भागेपछि पश्चिमी अमेरिकामा प्रहरीले मानिसहरूलाई मौरीको झुण्डबाट जोगिन आग्रह गरेको छ ।

अमेरिकाको सुदूर उत्तरपश्चिममा रहेको वासिङटन राज्यमा एउटा 'सेमी ट्रेलर ट्रक' दुर्घटना भएपछि प्रहरीले स्थानीयलाई सावधानी अपनाउन भनेको हो ।

ह्वाटकम काउन्टी शेरिफले आफ्नो सामाजिक सञ्जाल पेजमा लेखेको छ, अहिले २५ करोड मौरीहरू एक साथ भागेका छन् । मौरी भाग्ने क्रममा बिचमा आउने अवरोधले आक्रामक हुने र एकै ठाउमा झुम्मिने र टोक्ने सम्भावनाको कारण यस क्षेत्रमा सावधानी अपनाउनुहोला । क्यानाडासँग सीमा जोडिएको र भ्यानकुभरबाट ३० माइलको दूरीमा रहेको यस क्षेत्रका मौरी विशेषज्ञहरूले सफाइका लागि काम गरिरहँदा सडकहरू बन्द गरिएको छ ।

पश्चिमी अमेरिकामा कतिपय मौरीपालकहरूले मह उत्पादन गर्ने मात्र लक्ष्य राख्छन् भने कतिपयले आफ्नो बालीमा परागण गर्न कीराको आवश्यकता पर्ने किसानहरूलाई आफ्नो घार भाडामा दिई मनग्य आम्दानी गर्छन् । एजेन्सी

# घाइते किशोरको उपचार खर्चको माग गर्दै नगरपालिकामा धर्ना




**राजविराज**/गम्भिर घाइते भएका किशोरको उपचार खर्चको माग गर्दै बुधबारदेखी उनका आफन्त र स्थानीयले राजविराज नगरपालिका परिसरमै अनिश्चितकालिन धर्ना बसेका छन् ।

सप्तरीको बोदेबरसाइन नगरपालिका १ निवासी १६ वर्षिय राजेश कुमार यादव गत माघ १ गते राजविराज नगरपालिकाको स.१झ. ४८१ नं को स्कारपियोको ठक्करबाट गम्भिर घाइते भएका थिए ।

बिदाका दिन राजविराजबाट जनकपुरतर्फ जाँदै गरेको सो गाडीमा राजविराज नगरपालिका वडा नं. २ का वडाअध्यक्ष अरुण यादवसहितका केही व्यक्ति सवार रहेका थिए ।

ठक्करबाट हात र खुट्टा भाचिनुका साथै टाउँकोमा गम्भिर चोट लागेका उनलाई प्रहरीले उपचारका लागि सोही दिन बिराटनगरस्थित बिराट नर्सिङ्ग होममा भर्ना गराएको थियो ।

उपचारका क्रममा ९२ दिनपछी होसमा आएका छोराको उपचार वापतको २५ लाख मध्ये नगरपालिकाले अहिलेसम्म २ लाख रुँपैया मात्र दिएको बुबा रघुनाथ यादवको भनाई छ । बाँकी २३ लाख रुँपैया बुझाउन नसक्दा अस्पतालले डिस्चार्ज गर्न नमानेको र बाध्य भई धर्नामा बस्नु परेको उनले सुनाए ।

नगरपालिकाले विभिन्न बहाना देखाउँदै थप रकम दिन आलटाल गर्ने गरेको र आफुसँग त्यत्रो ठूलो रकम तिर्ने हैसियत नहुँदा छोरालाई घर ल्याउन नसकिएको उनले लाचारी सुनाए ।

# अधिृकतले गल्ति स्वीकारेपछी सरसफाई कर्मचारीको आन्दोलन स्थगित



**राजविराज**/राजविराज नगरपालिकाका योजना अधिकृतसहित तीन जनाले गल्ती स्विकारेपछी विगत पाँच दिनदेखी नगरमा थन्किएको फोहर सोमबारदेखी उठ्न थालेको छ ।

नगरपालिकाका योजना अधिकृत मनोज यादवसहित आरोपीत तीन जनाले गल्ती स्विकार्दै अब उपरान्त त्यस्तो गतिविधी नगर्ने प्रहरी समक्ष लिखित र मौखिक प्रतिबद्धता जनाएपछि कार्यवाहक नगरप्रमुख परविनले उजुरी फिर्ता तथा पाँच दिनदेखी लगातार धर्नामा वसेका सरसफाईकर्मीले आन्दोलन रोकी फोहर उठाउन थालेका हुन् ।

नगरपालिकाका कार्यबाहक नगर प्रमुख इसरत परविनले पाँच दिन अघि कार्यालयमा उपद्रव मचाएका योजना अधिकृत यादवका साथै राजविराज १३ का गजेन्द्र यादव र राजविराज ९ का सुधिर यादवले अघिल्लो दिन आईतवार साँझ जिल्ला प्रहरी कार्यालयमा उस्थित भई प्रहरीका अधिकारीहरुको समेतको उपस्थितीमा गल्ती स्विकार गर्दै अब उपरान्त त्यस्तो गल्ती नगर्ने लिखीत र मौखिक प्रतिबद्धता जनाएका बताए । उनीहरु विरुद्ध यस अघि जिल्ला प्रहरी कार्यालयमा दिइएको सार्वजनिक भौतिक संरचनाको अनाधिकृत कब्जा, विनाश एवं आपराधीक उपद्रव मुद्दा सम्बन्धि उजुरी फिर्ता लिएको जानकारी दिईन ।

योजना अधिकृत यादवले आफुहरुलाई समेत गालीगलौज र अभद्र ब्यवहार गरेको भन्दै सरसफाईकर्मी समेत काम छाडेर नगरपालिकाको प्रवेशद्वार मै कुचो थुपारेर धर्नामा वस्दै आएका थिए । जसकारण फोहर उठन नसकेर नगर दुर्गन्धित बन्दै गएको थियो ।

## प्रेस युनियनको ...

ललिता साहको उपस्थितिमा उक्त मैनवत्ति प्रज्वलन गरिएको हो ।

स्थानीय गजेन्द्र चौकमा गरिएको मैनवत्ति प्रज्वलन कार्यक्रममा प्रेस युनियनका केन्द्रिय सदस्य मिथिलेश कुमार यादव, युनियनका पूर्व अध्यक्ष एवं पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्षद्वय मुरली प्रसाद यादव, व्याशसंकर उपाध्याय, मधेश प्रदेशका सचिव मनोज कुमार माझी, नेपाली काँग्रेस सप्तरीका सचिव सनत कुमार मण्डल, प्रदेश पार्षद नरेश कुमार चौधरी, शाखाका उपाध्यक्ष नवीनकुमार गुप्ता, सचिव रामानन्द देव, आमेन्द्र यादव, युनियनका कोषाध्यक्ष रामनारायण यादव, नेवि संघका उपाध्यक्ष नितिशकुमार यादव, लगायतको सहभागिता रहेको थियो ।

# अनुमति बिना विद्यालय संचालनको संख्या एक दर्जन बढी

**राजविराज**/अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा सञ्चालन गर्ने सप्तरीमा विद्यालयको संख्या एक दर्जन भन्दा बढी पुगेको छ ।

जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइले केही दिन यता थालेको विद्यालय अनुगमनका क्रममा शुक्रबार सम्म अनुमति भन्दा माथिल्लो तहको कक्षा सञ्चालन गर्ने विद्यालयको संख्या १६ पुगेको हो ।

अनुमति लिदाको समय विद्यालय सञ्चालकले उल्लेख गरेको ठेगाना भन्दा फरक ठाउँमा विद्यालय सञ्चालन गरेको समेत पाईएको अनुगमन टोलीका नेतृत्वकर्ता जिल्ला शिक्षा विकास समन्वय ईकाइ सप्तरीका प्रमुख शशी कुमार यादवले बताए ।

सप्तरीमा रहेका १८ पालिकामा विगत दुई साता थालिएको अनुगमन शुक्रवारसम्म राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र विष्णुपुर गाउँपालिका गरि ४ पालिकामा सकिएको छ ।

अझै १४ पालिकामा अनुगमन गर्न बाँकी नै रहेकाले मापदण्ड विपरित सञ्चालनमा रहेका विद्यालयको संख्या ठूलै देखिने अनुमान गरिएको उनको भनाई छ ।

उच्च अदालत जनकपुर-राजविराज इजलासले गत बैशाख १९ गते अनुमति विनाको थप कक्षा सञ्चालन नगर्न/गराउन आदेश जारी गरेपछि त्यसलाई कार्यान्वय गराउन अनुगमन तिब्र बनाइएको उनले बताए ।

अनुगमनका क्रममा धेरैजसो निजी विद्यालयले अदालतको आदेशको पालना र शिक्षा ऐनले व्यवस्था गरेको मापदण्ड पुरा नगरेको पाइएकाले प्रहरी प्रशासन समेतको सहयोगमा कारवाही प्रक्रियामा जान लागेको उनको भनाई छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा सञ्चालन गर्ने तथा मापदण्ड पुरा नगरि सञ्चालनमा रहेका विद्यालय माथि कानुन बमोजिम कारवाही गरिने बताएका छन् ।


## नसर्ने रोगबाट बच्ने उपाय ।

- धुमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*